**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# पाणिनीय व्याकरणमा वैकल्पिक नियमको व्यवस्था

**मतिप्रसाद ढकाल, विद्यावारिधि**
*व्याकरण विभाग, नेपाल संस्कृत विश्वविद्यालय*

***Article History :*** *Received : 23rd, Feb. 2026; Reviewed : 22nd May, 2026; Accepted : 9th June 2026*
***Corresponding Author :*** *Mati Prasad Dhakal* ***E-mail :*** *dhakalmatip@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v4i01.95901*

## सारसङ्क्षेप

*पाणिनीय व्याकरणमा नित्य रूपमा प्रवृत्त हुने नियमको बाहुल्य रहे पनि अन्य मतको समेत सम्मान गर्नका लागि एक पक्षमा प्रवृत्त हुने र अर्को पक्षमा प्रवृत्त नहुने वैकल्पिक नियमहरूको समेत व्यवस्था गरिएको छ । तदनुसार संज्ञा, परिभाषा आदि ६ प्रकारका सूत्रहरूमध्ये विधि सूत्रहरू सबैभन्दा बढी रहेका छन् र तीमध्ये धेरैजसो नियमको प्रवृत्ति नित्य रूपमा र थोरैजसो नियमको प्रवृत्ति वैकल्पिक रूपमा हुन्छ । वैकल्पिक रूपमा प्रवृत्त हुने सूत्र तथा वार्तिकहरूमा वा, विभाषा, विभाषित, अन्यतरस्याम्, उदीचाम्, प्राचाम्, एकेषाम्, एके, बहुलम्, विकल्प एवं ऋषिबोधक आपिशलि, काश्यप, गार्ग्य, गालव, चाक्रवर्मण, भारद्वाज, शाकटायन, शाकल्य, सेनक, स्फोटायन र पौष्करसादि शब्दको उल्लेख र अनुवर्तन गरिएको हुन्छ । तीमध्ये विभाषा, वा, अन्यतरस्याम् र बहुलम् शब्दका माध्यमले वैकल्पिक मतको व्यवस्था गरिएका नियमहरूको सङ्ख्या बढ्ता रहेको छ भने ऋषिबोधक, उदीचाम्, विभाषित, प्राचाम्, एकेषाम्, एके र विकल्प शब्दका आधारमा वैकल्पिक मतको व्यवस्था गरिएका नियमहरूको सङ्ख्या तुलनात्मक रूपमा न्यून रहेको छ । यहाँ पाणिनीय व्याकरणका यिनै वैकल्पिक शब्दको ३७७ सूत्रमा उल्लेख गरेर, २९४ सूत्रमा अनुवर्तन गरेर तथा ७३ वार्तिक र ५ भाष्येष्टिमा उल्लेख गरेर पाणिनि, कात्यायन र पतञ्जलिका ७४९ वटा वैकल्पिक मतको आगमन विधिसहित वर्णनात्मक विधिका आधारमा चर्चा गर्दै पूर्ववर्ती र समकालिक संस्कृत व्याकरणका मान्यतालाई समेत अवलम्बन गरी पाणिनीय व्याकरणका नियम र प्रयोगको विश्लेषणात्मक निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जीः** अन्यतरस्याम्, बहुलम्, वा, विभाषा, वैकल्पिक ।

**विषयपरिचय**

पाणिनिभन्दा अघि र पाणिनिभन्दा पछाडि पनि संस्कृत भाषामा अनेकौँ व्याकरणहरूको रचना भए पनि पाणिनि, कात्यायन र पतञ्जलि तीनै मुनिको कालक्रमिक रूपमा निर्माण गरिएको व्याकरणलाई पाणिनीय व्याकरणका नामले चिनिन्छ। यस व्याकरणमा संज्ञा, परिभाषा, विधि, नियम, अतिदेश र अधिकार छ प्रकारका सूत्रहरू पढिएका भए पनि तीमध्येमा विधिसूत्रहरूको बाहुल्य रहेको छ । विधिसूत्रहरू पनि नित्य रूपमा मात्रै प्रवृत्त नभएर वैकल्पिक रूपमा समेत प्रवृत्त भएका देखिन्छन् । पाणिनीय व्याकरणले पूर्ववर्ती व्याकरणहरूको पर्याप्त प्रेरणा र प्रभाव ग्रहण गरेको छ भने पूर्ववर्ती र समकालिक वैयाकरणहरूका मान्यतालाई आफ्नो व्याकरणमा ग्रहण गर्दा वा, विभाषा आदि विभिन्न किसिमका विकल्पबोधक शब्दहरूको उल्लेख गरिएको छ । पर्यायवाची जस्ता लाग्ने यस्ता विकल्पबोधक पृथक् पृथक् शब्दहरूको प्रयोग गर्नुको प्रयोजन भिन्नाभिन्नै रहेको छ । पाणिनीय व्याकरणका अन्य विविध पक्षहरूमा मुख्यतः भारतीय विभिन्न विश्वविद्यालयहरूबाट हजारौँ अनुसन्धानहरू भएको पाइए पनि पाणिनीय व्याकरणका वैकल्पिक नियमका बारेमा एकाध अनुसन्धान मात्रै भएको

*Copyright 2026© the Author(s)*

पाइन्छ । त्यसमध्ये भारतको तिरूपतिस्थित राष्ट्रिय संस्कत विश्वविद्यालयबाट वी. कृष्णमाचारीले सन् १९९६ मा पाणिनीय विकल्प विधिहरूको समीक्षात्मक अध्ययन (ढकाल, २०८१, पृ. २२४) गरेको भए पनि त्यस अध्ययमा पाणिनीय वैकल्पिक सूत्रनियमका बारेमा मात्रै समीक्षात्मक अध्ययन भएको छ तर पाणिनीय सूत्रनियमसँगै कात्यायन, पतञ्जलि र वामन-जयादित्यले प्रयोग गरेका विकल्पबोधक शब्दहरूका आधारमा पाणिनीय व्याकरणमा केकति नियमहरूको प्रवृत्ति भएको छ भन्ने बारेमा हालसम्म पूर्ववर्ती अध्ययनमा चर्चा गरिएको भेटिँदैन । त्यसैले यस अध्ययनमा पाणिनीय व्याकरणमा प्रयुक्त वा, विभाषा आदि विकल्पबोधक शब्दका आधारमा अष्टाध्यायीक्रमले चर्चा गर्दै त्यही शोधरिक्ततालाई परिपूर्ति गर्ने प्रयत्न गरिएको छ ।

**समस्या र उद्देश्य**

पाणिनीय व्याकरणमा एकपक्षीय नियमहरूको मात्र अध्ययन-विश्लेषण नगरी बहुपक्षीय नियमहरूको समेत उल्लेख गरिएको छ तर हालसम्म पाणिनीय व्याकरणका वैकल्पिक नियमहरूको पृथक् रूपमा व्यवस्थित अध्ययन भएको पाइँदैन । त्यसैले पाणिनीय व्याकरणमा पाणिनि, कात्यायन, पतञ्जलि र वामन-जयादित्यले के-कस्ता विकल्पबोधक शब्दका आधारमा के-कति नियमहरूको प्रवर्तन गरेका छन् र पाणिनीय व्याकरणका पूर्ववर्ती विकल्पबोधक नियममा प्रयुक्त कुन कुन विकल्पबोधक शब्दको अनुवर्तन के-कति उत्तरवर्ती नियमहरूमा भएको छ ? भन्ने मूलभूत समस्यालाई पाणिनीय व्याकरणका विकल्पबोधक वा, विभाषा, विभाषित, अन्यतरस्याम्, उदीचाम्, प्राचाम्, एकेषाम्, एके, बहुलम्, विकल्प र आपिशलि आदि ऋषिबोधकशब्दहरूको उल्लेख भएका नियमहरूको अन्वेषण गर्दै पाणिनीय व्याकरणका पूर्ववर्ती नियममा उल्लिखित विकल्पबोधक शब्दहरूको अनुवर्तन भएका उत्तरवर्ती नियमहरू केलाउनु नै यस लेखको उद्देश्य रहेको छ ।

**सैद्धान्तिक पर्याधार**

पाणिनीय व्याकरणका मुख्य नियमको व्यवस्था पाणिनीय 'अष्टाध्यायी'मा गरिएको छ भने पाणिनीय सहायक नियम र व्याख्यात्मक नियमको चर्चा 'व्याकरणमहाभाष्य'मा गरिएको छ । त्यसैगरी पाणिनीय व्याकरणका नियममा आधारित धेरैजसो प्रयोग वा उदाहरणको अध्ययन वामजयादित्यको 'काशिका' नामक ग्रन्थमा गरिएको पाइन्छ । त्यसैले यस अध्ययनमा मुख्यतः प्राथमिकस्रोतका रूपमा वर्तमानमा उपलब्ध अष्टाध्यायीसूत्रपाठः (पाणिनि, १९७७), व्याकरणमहाभाष्यम् (पतञ्जलि, १९९१, २०००, २००४, २००७) र काशिका (वामन-जयादित्य २०४१, २०४५, २०४६, २०५१, २०५७) नामक पुस्तकाकार सामग्रीहरूको उपयोग गरिएको छ भने अंशतः द्वितीयकस्रोतका सामग्रीका रूपमा चान्द्रव्याकरणम् (चन्द्रगोमी, १९५३) र पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा (ढकाल, २०८१) नामक पुस्तकाकार सामग्रीलाई आधार मानिएको छ । पाणिनीय व्याकरणका समग्र नियमहरूमध्ये यो अध्ययन मूलतः वैकल्पिक रूपमा प्रवृत्त हुने अष्टाध्यायीका विधिसूत्रमूलक नियमहरूको तथा वैयाकरणसिद्धान्तकौमुदीमा उपयोग गरिएका विधि वार्तिकमूलक र विधि भाष्येष्टिमूलक वैकल्पिक नियमहरूको विश्लेषणमा केन्द्रित रहेको हुँदा उपर्युक्त प्राथमिकस्रोत र द्वितीयकस्रोतका सामग्रीमा प्राप्त तथ्यको वर्णनसहित आगमन विधिका माध्यमले सर्वेक्षण विधि वा वर्णनात्मक विधिको उपयोग गरेर अध्ययनको निष्कर्ष निकालिएको छ ।

**पाणिनीय व्याकरणमा वैकल्पिक नियमको व्यवस्था**

पाणिनीय व्याकरणका छ प्रकारका सूत्रहरूमध्ये बाहुल्य रहेका विधिसूत्र र तदन्तर्गतका वार्तिक एवम् भाष्येष्टि नियममध्ये एक पक्षमा प्रवृत्त हुने र अर्को पक्षमा प्रवृत्त नहुने विधिसूत्र र तदन्तर्गतका वार्तिक एवम् भाष्येष्टि नियमहरूलाई पाणिनीय व्याकरणका वैकल्पिक नियम भनेर चिनिन्छ । पाणिनीय व्याकरणका त्यस प्रकारका वैकल्पिक नियमहरूलाई

मुख्यतः विकल्पबोधक वा, विभाषा, विभाषित, अन्यतरस्याम्, उदीचाम्, प्राचाम्, एकेषाम्, एके, बहुलम् र विकल्प १० वटा शब्द तथा आपिशलि आदि १० वटा ऋषिवाचक शब्दका आधारमा विभिन्न प्रकारमा विभाजन गरी व्यवस्थित गरिएको हुँदा तदनुसार यहाँ तिनको क्रमशः अध्ययन एवम् विश्लेषण गरिएको छ ।

**'वा' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

'वा' शब्दका मुख्यतः उपमा (जस्तो), विकल्प र अवधारणा (निश्चय) तीन अर्थ रहेका छन् (गौतम, २०६९, पृ. २९८) । ती अर्थमध्ये विकल्प अर्थ बुझाउन पाणिनीय व्याकरणअन्तर्गतको अष्टाध्यायीमा पाणिनिले निम्नलिखित १०९ वटा सूत्रमा 'वा' शब्दको प्रयोग गरेका छन् : १. न वेति विभाषा, २. वा गमः, ३. अनुपसर्गाद्वा, ४. वा क्यषः, ५. वाऽऽमि, ६. षष्ठीयुक्तश्छन्दसि वा, ७. पारे मध्ये षष्ठ्या वा, ८. वाऽऽहिताग्न्यादिषु, ९. कृत्यानां कर्तरि वा, १०. वा लिटि, ११. वा यौ, १२. धातोः कर्मणः समानकर्तृकादिच्छायां वा, १३. आयादय आर्धधातुके वा, १४. इरितो वा, १५. वा भ्राशभ्लाशभ्रमुक्रमुक्लमुत्रसित्रुटिलषः, १६. वाऽसरूपोऽस्त्रियाम्, १७. लिटः कानज्वा, १८. लृटः सद्वा, १९. स्वनहसोर्वा, २०. वर्तमानसामीप्ये वर्तमानवद्वा, २१. वोताप्योः, २२. क्रियासमभिहारे लोट् लोटो हिस्वौ वा च तध्वमोः,२३. भव्यगेयप्रवचनीयोपस्थानीयजन्याप्लाव्यापात्या वा, २४. विदो लटो वा, २५. वा छन्दसि, २६. वैतोऽन्यत्र, २७. मनोरौ वा, २८. वोतो गुणवचनात्, २९. अस्वाङ्गपूर्वपदाद्वा, ३०. समर्थानां प्रथमाद्वा, ३१. पीलाया वा, ३२. कुलटाया वा, ३३. क्षुद्राभ्यो वा, ३४. वाऽन्यस्मिन्सपिण्डे स्थवितरे जीवति, ३५. शर्कराया वा, ३६. अमावास्याया वा, ३७. वत्सशालाभिजिदश्वयुक्तभिषजो वा, ३८. शाकलाद्वा, ३९. पलाशादिभ्यो वा, ४०. मयड्वैतयोर्भाषायामभक्ष्याच्छादनयोः, ४१. उमोर्णयोर्वा, ४२. जम्ब्वा वा, ४३. सेनाया वा, ४४. वतोरिड् वा, ४५. शाणाद्वा, ४६. पञ्चद्दशतौ वर्गे वा, ४७. द्विगोर्वा, ४८. पृथ्वादिभ्य इमनिज्वा, ४९. द्वित्रिभ्यां तयस्यायज्वा, ५०. तावतिथं ग्रहणमिति लुग्वा, ५१. इन्द्रियमिन्द्रलिङ्गमिन्द्रदृष्टमिन्द्रसृष्टमिन्द्रजुष्टमिन्द्रदत्तमिति वा, ५२. वा ह च च्छन्दसि, ५३. बह्वो मनुष्यनाम्नष्ठज्वा, ५४. वा बहूनां जातिपरिप्रश्ने डतमच्, ५५. वा संज्ञायाम्, ५६. पदान्ताद्वा, ५७. वा सुप्यापिशलेः, ५८. नाम्रेडितस्यान्त्यस्य तु वा, ५९. वा छन्दसि, ६०. विष्किरः शकुनौ वा, ६१. थलि च सेटीडन्तो वा, ६२. वा भुवनम्, ६३. वा जाते, ६४. वा शोकष्यञ्रोगेषु, ६५. वा घोषमिश्रशब्देषु, ६६. वोपसर्जनस्य, ६७. वा षपूर्वस्य निगमे, ६८. वा ल्यपि, ६९. वाऽऽक्रोशदैन्ययोः, ७०. स्यसिच्सीयुट्तासिसु भावकर्मणोरूपदेशेऽज्झनग्रहदृशां वा चिण्वदिट् च, ७१. वाऽन्यस्य संयोगादेः, ७२. वाऽमूशसोः, ७३. वा चित्तविरागे, ७४. वा जककभ्रमुत्रसाम्, ७५. पूर्वादिभ्यो नवभ्यो वा, ७६. वा नपुंसकस्य, ७७. णलुत्तमो वा, ७८. वा दान्तशान्तपूर्णदस्तस्पष्टच्छन्नज्ञप्ताः, ७९. वककतो वा, ८०. इट् सनि वा, ८१. स्वरतिसूतिसूयतिधूञूदितो वा, ८२. उदितो वा, ८३. अर्धात् परिमाणस्य पूर्वस्य तु वा, ८४. घोर्लोपो लेटि वा, ८५. लुग्वा दुहदिहलिहगुहामात्मनेपदे दन्त्ये, ८६. यङो वा, ८७. जिघ्रतेर्वा, ८८. शककदककप्रां ह्रस्वो वा, ८९. मुचोऽकर्मकस्य गुणो वा, ९०. स्रवतिशृणोतिद्रवतिप्रवतिप्लवतिच्यवतीनां वा, ९१. स्वरितो वाऽनुदात्ते पदादौ, ९२. वा द्रुहमुहष्णुहष्णिहाम्, ९३. नशेर्वा, ९४. सिपि धातो रुर्वा, ९५. अत्रानुनासिकस्य तु वा, ९६. हे मपरे वा, ९७. मय उञो वो वा, ९८. वा शरि, ९९. छन्दसि वाऽप्राम्रेडितयोः, १००. इडाया वा, १०१. सिवादीनां वाऽड्व्यवायेऽपि, १०२. नक्षत्राद् वा, १०३. निव्यभिभ्योऽड्व्यवाये वा छन्दसि, १०४. वा भावकरणयोः, १०५. वमोर्वा, १०६. वा निंसनिक्षनिन्दाम्, १०७. यरोऽनुनासिकेऽनुनासिको वा, १०८. वाऽवसाने र १०९. वा पदान्तस्य ।

उपर्युक्त १०९ वटा सूत्रमध्ये चौथो सूत्रको उत्तरवर्ती द्युद्भ्यो लुङि, वृद्भ्यः स्यसनोः र लुटि च क्लृपः तीन सूत्रमा, पाँचौँ सूत्रको उत्तरवर्ती ङिति ह्रस्वश्च एउटा सूत्रमा, आठौँ सूत्रको उत्तरवर्ती कडाराः कर्मधारये एउटा सूत्रमा, बाह्रौँ सूत्रको उत्तरवर्ती सुपः आत्मनः क्यच्, काम्यच्च, उपमानादाचारे, कर्तुः क्यङ् सलोपश्च, भृशादिभ्यो भुव्यच्वेर्लोपश्च, लोहितादिडाज्भ्यः क्यष्, कष्टाय क्रमणे, कर्मणो रोमन्थतपोभ्यां वर्तिचरोः, बाष्पोष्मभ्यामुद्वमने, शब्दवैरकलहाभ्रकण्वमेघेभ्यः करणे, सुखादिभ्यः

कर्तृवेदनायाम्, नमोवरिवश्चित्रङः क्यच्, पुच्छभाण्डचिवराण्णिङ्, मुण्डमिश्रश्लक्ष्णलवणव्रतवस्त्रहलकलकृततूस्तेभ्यो णिच् र धातोरेकाचो हलादेः क्रियासमभिहारे यङ् १५ वटा सूत्रमा, चौधौँ सूत्रको उत्तरवर्ती जककस्तम्भुम्रुचुम्लुचुग्रुग्लुग्लुञ्चुश्विभ्यश्च एउटा सूत्रमा, पन्ध्रौँ सूत्रको उत्तरवर्ती यसोऽनुपसर्गात् र संयसश्च दुइटा सूत्रमा, सत्रौँ सूत्रको उत्तरवर्ती क्वसुश्च, भाषायां सदवसश्रुवः र उपेयिवाननाश्वाननूचानश्च तीनवटा सूत्रमा, उन्नाइसौँ सूत्रको उत्तरवर्ती यमः समुपनिविषु च, नौ गदनदपठस्वनः र क्वणो वीणायां च तीनवटा सूत्रमा, बीसौँ सूत्रको उत्तरवर्ती आशंसायां भूतवच्च एउटा सूत्रमा, छब्बीसौँ सूत्रको उत्तरवर्ती इतश्च लोपः परस्मैपदेषु र स उत्तमस्य दुइटा सूत्रमा, सत्ताइसौँ सूत्रको उत्तरवर्ती वर्णादनुदात्तात्तोपधात्तो नः एउटा सूत्रमा, अठ्ठाइसौँ सूत्रको उत्तरवर्ती बाह्वादिभ्यश्च एउटा सूत्रमा, उन्तीसौँ सूत्रको उत्तरवर्ती स्वाङ्गाच्चोपसर्जनादसंयोगोपधात् र नासिकोदरौष्ठजङ्घादन्तकर्णशृङ्गाच्च दुइटा सूत्रमा, बयालिसौँ सूत्रको उत्तरवर्ती लुप् च एउटा सूत्रमा, सत्चालिसौँ सूत्रको उत्तरवर्ती रात्र्यहःसंवत्सराच्च र वर्षाल्लुक् च दुइटा सूत्रमा, चौहत्तरौँ सूत्रको उत्तरवर्ती फणां च सप्तानाम् एउटा सूत्रमा, छहत्तरौँ सूत्रको उत्तरवर्ती आच्छीनद्योर्नुम् एउटा सूत्रमा, अठहत्तरौँ सूत्रको उत्तरवर्ती रुष्यमत्वरसंघुषास्वनाम् र हृषेर्लोमसु दुइटा सूत्रमा, असीऔँ सूत्रको उत्तरवर्ती लिङ्सिचोरात्मनेपदेषु र ऋतश्च संयोगादेः दुइटा सूत्रमा, एकासीऔँ सूत्रको उत्तरवर्ती रधादिभ्यश्च, निरः कुषः, इण्निष्ठायाम्, तीषसहलुभरुषरिषः, सनीवन्तर्धभ्रस्जदम्भुश्रिस्वृयूर्णुभरज्ञपिसनाम्, क्लिशः क्त्वानिष्ठयोः र पूङश्च सातवटा सूत्रमा, बयासीऔँ सूत्रको उत्तरवर्ती सेऽसिचि कृतचृतच्छृदतृदनृतः एउटा सूत्रमा, त्रियासीऔँ सूत्रको उत्तरवर्ती नातः परस्य, प्रवाहणस्य ढे, तत्प्रत्ययस्य च र नञः शुचीश्वरक्षेत्रज्ञकुशलनिपुणानाम् चारवटा सूत्रमा, छयासीऔँ सूत्रको उत्तरवर्ती तुरुस्तुशम्यमः सार्वधातुके एउटा सूत्रमा, सतासीऔँ सूत्रको उत्तरवर्ती उर्ऋत् एउटा सूत्रमा, चौरानब्बेऔँ सूत्रको उत्तरवर्ती दश्च एउटा सूत्रमा, छयानब्बेऔँ सूत्रको उत्तरवर्ती नपरे नः, ङ्णोः कुक् टुक् शरि, डः सि धुट्, शि तुक् र ङमो ह्रस्वादचि ङमुण् नित्यम् पाँचवटा सूत्रमा, १०१औँ सूत्रको उत्तरवर्ती अनुविपर्यभिनिभ्यः स्यन्दतेरप्राणिषु, वेः स्कन्देरनिष्ठायाम् र परेश्च तीन सूत्रमा, १०४औँ सूत्रको प्रातिपदिकान्तनुम्विभक्तिषु च एउटा सूत्रमा र १०८औँ सूत्रको उत्तरवर्ती अणोऽप्रगृह्यस्यानुनासिकः एउटा सूत्रमा गरी जम्मा ७० वटा सूत्रमा 'वा' शब्दको अनुवर्तन भएको देखिन्छ। त्यसैगरी उपर्युक्त तीसौँ सूत्रको उत्तरवर्ती प्राग्दीव्यतोऽण् सूत्रदेखि न प्राच्यभर्गादियौधेयादिभ्यः सूत्रसम्म तथा तेन रक्तं रागात् सूत्रदेखि राज्ञः क च सूत्रसम्मका २३० वटा सूत्रमा 'वा' शब्दको अधिकार रहेको पाइन्छ। यसप्रकार पाणिनीय व्याकरणमा १०९ वटा सूत्रमा 'वा' शब्दकै उल्लेख गरेर तथा ७० वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'वा' शब्दको अनुवर्तन भएर जम्मा १७९ वटा सूत्रमा 'वा' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको देखिन्छ।

व्याकरणमहाभाष्यमा कात्यायनले 'वा' शब्दको प्रयोग अनेकौँ वार्तिकहरूमा गरेका भए पनि वैयाकरणसिद्धान्तकौमुदीले मूल आधारस्रोत बनाएका निम्नलिखित ४८ वटा वार्तिकहरूमा 'वा' शब्दको उल्लेख गरेर वैकल्पिक मतको व्यवस्था गरेको पाइन्छ : १. वाप्रकरणे तीयस्य ङित्सूपसंख्यानम्, २. वा नामधेयस्य, ३. वा नामधेयस्य, ४. वा लिप्सायाम्, ५. उपसर्गादस्यत्यूह्योर्वावचनम्, ६. प्रादिभ्यो धातुजस्य वा, ७. वा प्रियस्य, ८. द्विषः शतुर्वा वचनम्, ९. वाबन्तः, १०. सलोपो वा, ११. आचारेऽवगल्भक्लीबहोडेभ्यः क्विब्वा, १२. सर्वप्रातिपदिकेभ्य आचारे क्विब्वा वक्तव्यः, अश्वतिगर्दभतीत्येवमर्थम्, १३. स्पृशमृशकृषतृपदृपां सिज्वा, १४. चारौ वा, १५. हनो वा वध च, १६. इङश्चेत्यपादाने स्त्रियामुपसंख्यानं तदन्ताच्च वा ङीष्, १७. जागर्तेरकारो वा, १८. परेर्वा, १९. अनो बहुव्रीहिप्रतिषेधे वोपधालोपिनो वा वचनम्, २०. वा संज्ञायाम्, २१. उपाध्यामातुलाभ्यां वा, २२. अर्यक्षत्रियाभ्यां वा, २३. जातिपूर्वाद्वा, २४. आपत्यो वा गोत्रम्, २५. सर्वाण्णस्य वावचनम्, २६. कार्षापणाद्वा प्रतिश्च, २७. अनुपत्तावुत्तरपदस्य वावचनम्, २८. लोहिताल्लिङ्गबाधनं वा, २९. कण्ड्वादीनां वा, ३०. वा नामधातुनाम्, ३१. वा केशेषु, ३२. ओत्वोष्ठयोः समासे वा, ३३. सवर्णदीर्घत्वे ऋति ॠ वा वचनम्, ३४. लृति ल्लृ वा, ३५. दिक्छब्देभ्यस्तीरस्य तारभावो वा, ३६. धासु वा, ३७. अद्यतन्यां वा, ३८. सावौत्वप्रतिषेधः साकच्काद्वा सादुत्वं, ३९. वा सूतकापुत्रकावृन्दारकाणामुपसंख्यानम्, ४०. जसादिषु छन्दसि वावचनं प्राङ्णौ चङ्युपधायाः, ४१. काण्यादीनां वा,

४२. वा नपुंसकानाम्, ४३. भो राजन्यविशां वा, ४४. यवलपरे यवला वा, ४५. वा शर्प्रकरणे खर्परे लोपः, ४६. वाप्रकरणे गिरिनद्यादीनामुपसंख्यानम्, ४७. अनाम्नवतिनगरीणां वेति वक्तव्यम् र ४८. वा हतजग्धपरे च ।

पाणिनीय व्याकरणका उपर्युक्त ४८ वटा वार्तिकमध्ये छैटौँ वार्तिकमा प्रयुक्त 'वा' शब्दको उत्तरवर्ती वार्तिक नञोऽस्त्यर्थानां च-मा अनुवर्तन भएको देखिन्छ। यसरी पाणिनीय सूत्रमा झैँ कात्यायनीय पूर्ववर्ती वार्तिकमा प्रयुक्त शब्दको उत्तरवर्ती वार्तिकमा अनुवर्तन भएको यो वार्तिक बाहेक अन्य वार्तिकमा प्रयुक्त शब्दको उत्तरवर्ती वार्तिकमा अनुवर्तन भएको भेट्न सकिएको छैन। कात्यायनका उपर्युक्त ४९ वटा वार्तिकका साथै पतञ्जलिका निम्नलिखित चारवटा भाष्येष्टिमा पनि 'वा' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था गरिएको पाइन्छ : १ अनो नलोपश्च वा च स्त्रियां भाष्यत इति वक्तव्यम्, २. वा गोमयेष्विति वक्तव्यम्, ३. प्रायस्य चित्तिचित्तयोः सुडस्कारो वा र ४. मपूर्वात् प्रतिषेधे वा हितनाम्न इति वक्तव्यम्। कात्यायनका वार्तिक र पतञ्जलिका भाष्येष्टिका अतिरिक्त दृष्टे सामनि जाते चाप्यण् डिद् द्विर्वा विधीयते एउटा श्लोकवार्तिकमा तथा वामनजयादित्यको काशिकालाई मूल आधार बनाएर वैयाकरणसिद्धान्तकौमुदीमा प्रयुक्त निम्नलिखित चारवटा वार्तिकमा पनि 'वा' शब्दका माध्यमले वैकल्पिक मतको स्थापना गरिएको छ : १. शंशिदुहिगुहिभ्यो वेति वक्तव्यम्, २. त्यदादीनां वा फिञ् वक्तव्यः, ३. तीयादीकक् स्वार्थे वा वक्तव्यः र ४. छन्दसि वेति वक्तव्यम् । काशिकामूलका उपर्युक्त वार्तिकहरूमध्ये दोस्रो वार्तिक चान्द्रव्याकरणको त्यदादिभ्यो वा सूत्रलाई आधार बनाएर पाणिनीय व्याकरणमा ग्रहण गरिएको देखिन्छ।

### 'विभाषा' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था

'विभाषा' शब्दले विकल्पलाई बुझाउँछ। पाणिनीय व्याकरणमा 'विभाषा'लाई प्राप्त विभाषा, अप्राप्त विभाषा र प्राप्ताप्राप्त विभाषा गरी तीन प्रकारका वर्गीकरण गरिएको पाइन्छ। पाणिनिले निम्नलिखित ११० सूत्रहरूमा 'विभाषा' शब्दको उल्लेख गरी वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. विभाषा दिक्समासे बहुव्रीहौ, २. विभाषा जसि, ३. न वेति विभाषा, ४. विभाषोर्णोः, ५. विभाषोपयमने, ६. विभाषा छन्दसि, ७. विभाषा विप्रलापे, ८. विभाषोपपदेन प्रतीयमाने, ९. विभाषाऽकर्मकात्, १०. विभाषा कृञि, ११. विभाषा कृञि, १२. विभाषा, १३. मन्यकर्मण्यनादरे विभाषाऽप्राणिषु, १४. विभाषा गुणेऽस्त्रियाम्, १५. विभाषोपसर्गे, १६. विभाषा वृक्षमृगतृणधान्यव्यञ्जनपशुशकुन्यश्ववडवपूर्वापराधरोत्तराणाम्, १७. विभाषा समीपे, १८. विभाषा सेनासुराच्छायाशालानिशानाम्, १९. विभाषा लुङ्लृङोः, २०. विभाषा घ्राधेट्शाच्छासः, २१. विभाषा धेट्श्व्योः, २२. मृजेर्विभाषा, २३. विभाषा कृवृषोः, २४. ददातिदधात्योर्विभाषा, २५. विभाषा ग्रहः, २६. विभाषा साकाङ्क्षे, २७. नन्वोर्विभाषा, २८. विभाषा कदाकर्ह्योः, २९. विभाषाऽऽङि रूपलुवः, ३०. विभाषाख्यानपरिप्रश्नयोरिञ्च, ३१. परस्मिन्विभाषा, ३२. विभाषा कथमि लिङ् च, ३३. विभाषा धातौ सम्भावनवचनेऽयदि, ३४. इच्छार्थेभ्यो विभाषा वर्तमाने, ३५. विभाषाऽग्रेप्रथमपूर्वेषु, ३६. विभाषा सपूर्वस्य, ३७. विभाषा फाल्गुनीश्रवणाकार्तिकीचैत्रीभ्यः, ३८. विभाषोशीनरेषु, ३९. विभाषा कुरुयुगन्धराभ्याम्, ४०. विभाषाऽमनुष्ये, ४१. विभाषा रोगातपयोः, ४२. विभाषा पूर्वाह्णापराह्णाभ्याम्, ४३. विभाषा विवधात्, ४४. स्रोतसो विभाषा ड्यड्ड्यौ, ४५. विभाषा हविरपूपादिभ्यः, ४६. विभाषा कार्षापणसहस्राभ्याम्, ४७. विभाषा तिलमाषोमाभङ्गाणुभ्यः, ४८. विभाषा परावराभ्याम्, ४९. विभाषाऽवरस्य, ५०. विभाषा सुपो बहुच्पुरस्तात्तु, ५१. विभाषाञ्चेरदिक्स्त्रियाम्, ५२. स्थानान्ताद्विभाषा सस्थानेनेति चेत्, ५३. विभाषा बहोर्धाऽविप्रकृष्टकाले, ५४. विभाषा साति कात्स्न्र्ये, ५५. पथो विभाषा, ५६. उर्ध्वाद्विभाषा, ५७. विभाषा श्यावारोकाभ्याम्, ५८. पूर्णाद्विभाषा, ५९. शेषाद्विभाषा, ६०. विभाषाऽभ्यवपूर्वस्य, ६१. विभाषा श्वेः, ६२. विभाषा परेः, ६३. विभाषा लीयतेः, ६४. सर्वत्र विभाषा गोः, ६५. विभाषा भाषायाम्, ६६. रिक्ते विभाषा, ६७. विभाषा वेण्विन्धानयोः, ६८. विभाषाध्यक्षे, ६९. विभाषा तृन्नन्नतीक्ष्णशुचिषु, ७०. विभाषा छन्दसि, ७१. विभाषोत्पुच्छे, ७२. बन्धे विभाषा, ७३. विभाषा वर्षक्षरशरवरात्, ७४. विभाषा स्वसृपत्योः, ७५. विभाषा चत्वारिंशत्प्रभृतौ सर्वेषाम्, ७६. रात्रेः कृति विभाषा, ७७. विभाषोदरे, ७८. अर्थे विभाषा, ७९. विभाषा पुरुषे, ८०.

तनोतेर्विभाषा, ८१. जान्तनशां विभाषा, ८२. ये विभाषा, ८३. क्यस्य विभाषा, ८४.विभाषाऽऽपः, ८५. विभाषा ङिश्योः, ८६. विभाषोर्जोश्छन्दसि, ८७. वेत्तेर्विभाषा, ८८. विभाषा चिण्णमुलोः, ८९. विभाषा तृतीयादिष्वचि, ९०. ऊर्णोतेर्विभाषा, ९१. यस्य विभाषा, ९२. विभाषा भावादिकर्मणोः, ९३. विभाषा सृजिदृशोः, ९४. विभाषा गमहनविदविशाम्, ९५. विभाषा चेः, ९६. ऊर्णोतेर्विभाषा, ९७. विभाषा द्वितीयातृतीयाभ्याम्, ९८. विभाषा छन्दसि, ९९. विभाषा वेष्टिचेष्टयोः, १००. सपूर्वायाः प्रथमाया विभाषा, १०१. शेषे विभाषा, १०२. लोपे विभाषा, १०३. शेषे विभाषा, १०४. चादिलोपे विभाषा, १०५. अचि विभाषा, १०६. विभाषा पृष्टप्रतिवचने हेः, १०७. विभाषेटः, १०८. विभाषौषधिवनस्पतिभ्यः, १०९. शेषे विभाषाऽकखादावषान्त उपदेशे र ११०. णेर्विभाषा।

उपर्युक्त ११० सूत्रहरूमध्ये दोस्रो सूत्रको उत्तरवर्ती प्रथमचरमतयाल्पार्धकतिपयनेमाश्च, पूर्वपरावरदक्षिणोत्तरापराधराणि व्यवस्थायामसंज्ञायाम्, स्वमज्ञातिधनाख्यायाम् र अन्तरं बहिर्योगोपसंव्यानयोः चार सूत्रमा, दशौँ सूत्रको उत्तरवर्ती उपाजेऽन्वाजे, साक्षात्प्रभृतीनि च, अनत्याधान उरसिमनसी र मध्ये पदे निवचने च चार सूत्रमा, बाह्रौँ सूत्रको उत्तरवर्ती अपपरिबहिरञ्चवः पञ्चम्याः सूत्रदेखि मयूरव्यंसकादयश्च सूत्रसम्म तथा पूर्वपराधरोत्तरमेकेदेशिनैकाधिकरणे सूत्रदेखि चार्थे द्वन्द्व सूत्रसम्मका ९० वटा सूत्रमा, सोह्रौँ सूत्रको उत्तरवर्ती विप्रतिषिद्धं चानधिकरणवाचि एउटा सूत्रमा, उन्नाइसौँ सूत्रको उत्तरवर्ती णौ च सँश्चङोः एउटा सूत्रमा, बीसौँ सूत्रको उत्तरवर्ती तनादिभ्यस्तथासोः एउटा सूत्रमा, एक्काइसौँ सूत्रको उत्तरवर्ती गुपेश्छन्दसि एउटा सूत्रमा, चौबीसौँ सूत्रको उत्तरवर्ती ज्वलतिकसन्तेभ्यो णः एउटा सूत्रमा, सत्ताइसौँ सूत्रको उत्तरवर्ती पुरि लुङ् चास्मे एउटा सूत्रमा, अठ्ठाइसौँ सूत्रको उत्तरवर्ती किंवृत्ते लिप्सायाम्, लिप्स्यमानसिद्धौ च, लोडर्थलक्षणे च र लिङ् चोर्ध्वमौहूर्तिके चार सूत्रमा, उन्तीसौँ सूत्रको उत्तरवर्ती अवे ग्रहो वर्षप्रतिबन्धे, प्रे वणिजाम्, रश्मौ च, वृणोतेराच्छादने र परौ भुवोऽवज्ञाने पाँच सूत्रमा, तेत्तीसौँ सूत्रको उत्तरवर्ती हेतुहेतुमतोर्लिङ् एउटा सूत्रमा, एकचालिसौँ सूत्रको उत्तरवर्ती निशाप्रदोषाभ्यां च र श्वसस्तुट् च दुइटा सूत्रमा, छ्यालिसौँ सूत्रको उत्तरवर्ती द्वित्रिपूर्वान्निष्कात् र विस्ताच्च दुई सूत्रमा, चौवन्नौँ सूत्रको उत्तरवर्ती अभिविधौ सम्पदा च एउटा सूत्रमा, सन्ताउन्नौँ सूत्रको उत्तरवर्ती अग्रन्तशुद्धशुभ्रवृषवराहेभ्यश्च एउटा सूत्रमा, साठीऔँ सूत्रको उत्तरवर्ती शृतं पाके र प्यायः पी दुई सूत्रमा, एकसठ्ठीऔँ सूत्रको उत्तरवर्ती णौ च संश्चङोः एउटा सूत्रमा, त्रिसठ्ठीऔँ सूत्रको उत्तरवर्ती खिदेश्छन्दसि, अपगुरो णमुलि, चिस्फुरोर्णौ र प्रजने वीयतेः चार सूत्रमा, सतसठ्ठीऔँ सूत्रको उत्तरवर्ती त्यागरागहासकुहश्वठक्रथानाम् एउटा सूत्रमा, अठसठ्ठीऔँ सूत्रको उत्तरवर्ती पापं च शिल्पिनि एउटा सूत्रमा, एकहत्तरौँ सूत्रको उत्तरवर्ती द्वित्रिभ्यां पाद्दन्मूर्धसु बहुव्रीहौ र सक्थं चाक्रान्तात् दुई सूत्रमा, त्रिहत्तरौँ सूत्रको उत्तरवर्ती घकालतनेषु कालनाम्नः र शयवासवासिष्वकालात् दुई सूत्रमा, उनानसीऔँ सूत्रको उत्तरवर्ती कवं चोष्णे र पथि च च्छन्दसि दुई सूत्रमा, असीऔँ सूत्रको उत्तरवर्ती क्रमश्च क्त्वि एउटा सूत्रमा, एकासीऔँ सूत्रको उत्तरवर्ती भञ्जेश्च चिणि एउटा सूत्रमा, बयासीऔँ सूत्रको उत्तरवर्ती तनोतेर्यकि एउटा सूत्रमा, नब्बेऔँ सूत्रको उत्तरवर्ती अतो हलादेर्लघोः एउटा सूत्रमा, छ्यानब्बेऔँ सूत्रको उत्तरवर्ती गुणोऽपृक्ते एउटा सूत्रमा, १०१औँ सूत्रको उत्तरवर्ती परा च परीप्सायाम् एउटा सूत्रमा, १०४औँ सूत्रको उत्तरवर्ती वैवावेति च च्छन्दसि र ऐकान्याभ्यां समर्थाभ्याम् दुई सूत्रमा, १०५औँ सूत्रको उत्तरवर्ती परेश्च घाङ्कयोः एउटा सूत्रमा, १०६औँ सूत्रको उत्तरवर्ती निगृह्यानुयोगे च एउटा सूत्रमा र ११०औँ सूत्रको उत्तरवर्ती हलश्चेजुपधात् एउटा सूत्रमा 'विभाषा' शब्दको अनुवर्तन भएको पाइन्छ। यसप्रकार पाणिनीय व्याकरणमा ११० वटा सूत्रमा 'विभाषा' शब्दकै उल्लेख गरेर तथा १४६ वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'विभाषा' शब्दको अनुवर्तन भएर जम्मा २५६ वटा सूत्रमा 'विभाषा' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको देखिन्छ।

व्याकरणमहाभाष्यमा कात्यायनले शेषे विभाषा, असिद्धे शस्य यवचनं विभाषा र नासिकादीनां विभाषायां पुच्छाच्च तीनवटा वार्तिकमा 'विभाषा' शब्दको प्रयोग गरेर वैकल्पिक नियमको व्यवस्था गरिएको छ भने मातृज्मातृकमातृषु ष्यङ् प्रसार्यो विभाषया एउटा श्लोकवार्तिक र सर्व एव वान्नावादयोऽनन्वादेशे विभाषा वक्तव्याः एउटा अपरवार्तिकमा समेत 'विभाषा' शब्दको प्रयोग गरी वैकल्पिक नियमलाई व्यवस्थित गरिएको छ

**'विभाषित' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

'विभाषित' शब्द 'विभाषा' शब्दको समानार्थी मानिन्छ (जिनेन्द्रबुद्धि, न्यास, पा.,अ. ८।१।५३) । पाणिनिले जङ्गलधेनुवलजन्तस्य विभाषितमुत्तरम्, विभाषितं सोपसर्गमनुत्तमम् र विभाषितं विशेषवचने तीन सूत्रमा 'विभाषित' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था गरेका छन् । यीमध्ये प्राप्त विभाषाका रूपमा निषेधमूलक दोस्रो सूत्रमा प्रयुक्त 'विभाषित' शब्दको अनुवर्तन उत्तरवर्ती हन्त च सूत्रमा समेत भएको पाइन्छ । जसका कारण क्रमशः यी चारवटै सूत्रअन्तर्गतका कौरुजाङ्गलम् / कौरुजङ्गलम्, आगच्छ देवदत्त ग्रामं प्रविश, हन्त प्रविश प्रविश, देवाः शरण्याः / देवाः शरण्याः आदि उदाहरणहरूमा विकल्पको विधान र विकल्पको निषेध भएको देखिन्छ । यसैगरी व्याकरणमहाभाष्यमा कात्यायनले विभाषितं चापि बह्वर्थम् एउटा वार्तिकमा 'विभाषित' शब्दको प्रयोग गरेर वैकल्पिक व्यवस्था गरेको पाइन्छ ।

**'अन्यतरस्याम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले निम्नलिखित ९३ सूत्रमा 'अन्यतरस्याम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. उदुपधाद्भावादिकर्मणोरन्यतरस्याम्, २. जात्याख्यायामेकस्मिनबहुवचनमन्यतरस्याम्, ३. नपुंसकमनपुंसकेनैकवच्चास्यान्यतरस्याम्, ४. परिक्रयणे सम्प्रदानमन्यतरस्याम्, ५. हृक्रोरन्यतरस्याम्, ६. द्वितीयतृतीयचतुर्थतुर्याण्यन्यतरस्याम्, ७. तृतीयाप्रभृतीन्यतरस्याम्, ८. संज्ञोऽन्यतरस्यां कर्मणि, ९. पृथग्विनानाभिस्तृतीयाऽन्यतरस्याम्, १०. दूरान्तिकार्थैः षष्ठ्यन्यतरस्याम्, ११. तुल्यार्थैरतुलोपमाभ्यां तृतीयाऽन्यतरस्याम्, १२. लिट्यन्यतरस्याम्, १३. आत्मनेपदेष्वन्यतरस्याम्, १४. उपकादिभ्योऽन्यतरस्यामद्वन्द्वे, १५. उषविदजागृभ्योऽन्यतरस्याम्, १६. विदाङ्कुर्वन्त्वित्यन्यरस्याम्, १७. आत्मनेपदेष्वन्यतरस्याम्, १८. दीपजनबुधपूरितायिप्यायायिभ्योऽन्यतरस्याम्, १९. अक्षोऽन्यतरस्याम्, २०. अमावस्यादन्यतरस्याम्, २१. समुच्चयेऽन्यतरस्याम्, २२. वर्षप्रमाण ऊलोपश्चास्यान्यतरस्याम्, २३. पादोऽन्यतरस्याम्, २४. डाबुभाभ्यामन्यतरस्याम्, २५. पुरुषात्प्रमाणेऽन्यतरस्याम्, २६. अन उपधालोपिनोऽन्यतरस्याम्, २७. दैवयज्ञिशौचिवृक्षिसात्यमुग्रिकाण्ठेविद्धिभ्योऽन्यतरस्याम्, २८. फक्फिञोऽन्यतरस्याम्, २९. द्रोणपर्वतजीवन्तादन्यतरस्याम्, ३०. अपूर्वपदादन्यतरस्यां यड्ढकञौ, ३१. पुत्रान्तादन्यतरस्याम्, ३२. उदश्वितोऽन्यतरस्याम्, ३३. केशाश्वाभ्यां यञ्छावन्यतरस्याम्, ३४. ऐषमोह्यःश्वसोऽन्यतरस्याम्, ३५. युष्मदस्मदोरन्यतरस्यां खञ् च, ३६. ग्रीष्मवसन्तादन्यतरस्याम्, ३७. अशब्दे यत्खावन्यतरस्याम्, ३८. हेतुमनुष्येभ्योऽन्यतरस्यां रूप्यः, ३९. शलालुनोऽन्यतरस्याम्, ४०. मड्डुकझर्झरादणन्यतरस्याम्, ४१. भक्तादणन्यतरस्याम्, ४२. शूर्पादञन्यतरस्याम्, ४३. आढकाचितपात्रात् खोऽन्यतरस्याम्, ४४. विंशत्यादिभ्यस्तमडन्यतरस्याम्, ४५. प्राणिस्थादातो लजन्यतरस्याम्, ४६. केशाद्वोऽन्यतरस्याम्, ४७. बलादिभ्यो मतुबन्यतरस्याम्, ४८. सर्वस्य सोऽन्यतरस्यां दि, ४९. अनद्यतने र्हिलन्यतरस्याम्, ५०. एनबन्यतरस्यामदूरेऽपञ्चम्याः, ५१. एकाद्वो ध्यमुञन्यतरस्याम्, ५२. युवाल्पयोः कनन्यतरस्याम्, ५३. एकशालायाष्ठजन्यतरस्याम्, ५४. बह्वल्पार्थाच्छस् कारकादन्यतरस्याम्, ५५. कुमहद्भ्यामन्यतरस्याम्, ५६. नपुंसकादन्यतरस्याम्, ५७. नञ्दुःसुभ्यो हलिसक्थ्योरन्यतरस्याम्, ५८. वश्चान्यतरस्यां किति, ५९. अनुदात्तस्य चर्दुपधस्यान्यतरस्याम्, ६०. अन्तोदात्तादुत्तरपदादन्यतरस्यामनित्यसमासे, ६१. नामन्यतरस्याम्, ६२. नृ चान्यतरस्याम्, ६३. आदिः सिचोऽन्यतरस्याम्, ६४. आदिर्णमुल्यन्यतरस्याम्, ६५. चङन्यतरस्याम्, ६६. पूगेष्वन्यतरस्याम्, ६७. बह्वन्यतरस्याम्, ६८. ईषदन्यतरस्याम्, ६९. निष्ठोपसर्गपूर्वमन्यतरस्याम्, ७०. निष्ठोपमानादन्यतरस्याम्, ७१. पुत्रेऽन्यतरस्याम्, ७२. नद्याः शेषस्यान्यतरस्याम्, ७३. एकहलादौ पूरयितव्येऽन्यतरस्याम्, ७४. नगोऽप्राणिष्वन्यतरस्याम्, ७५. सनः क्तिचि लोपश्चास्यान्यतरस्याम्, ७६. भ्रस्जो रोपधयो रमन्यतरस्याम्, ७७. मयतेरिदन्यतरस्याम्, ७८. चिण्णमुलोदीर्घोऽन्यतरस्याम्, ७९. लोपश्चास्यान्यतरस्यां म्वोः, ८०. भियोऽन्यतरस्याम्, ८१. तुह्योस्तातङ्ङाशिष्यन्यतरस्याम्, ८२. जराया जरसन्यतरस्याम्, ८३. पदान्तस्यान्यतरस्याम्, ८४. रुहः पोऽन्यतरस्याम्, ८५. भ्राजभासभाषदीपजीवमीलपीडामन्यतरस्याम्,

८६. आपोऽन्यतरस्याम्, ८७. शाच्छोरन्यतरस्याम्, ८८. अकृच्छ्रे प्रियसुखयोरन्यतरस्याम्, ८९. प्रस्त्योऽन्यतरस्याम्, ९०. नुदविदोन्दत्राघ्राह्रीभ्योऽन्यतरस्याम्, ९१. तिरसोऽन्यतरस्याम्, ९२. मातुःपितुर्भ्यामन्यतरस्याम् र ९३ झयो होऽन्यतरस्याम् ।

उपर्युक्त ९३ सूत्रहरूमध्ये दोस्रो सूत्रको उत्तरवर्ती अस्मदो द्वयोश्च, फल्गुनीप्रोष्ठपदानां च नक्षत्रे, छन्दसि पुनर्वस्वोरेकवचनम् र विशाखयोश्च चार सूत्रमा, तेस्रो सूत्रको उत्तरवर्ती पिता मात्रा र श्वशुरः श्वश्र्वा दुई सूत्रमा, समासविधायक छैटौँ सूत्रको उत्तरवर्ती १३ सूत्रमा, नवौँ सूत्रको उत्तरवर्ती करणे च स्तोकाल्पकृच्छ्रकतिपयस्यासत्त्ववचनस्य एउटा सूत्रमा, बाह्रौँ सूत्रको उत्तरवर्ती वेञो वयि एउटा सूत्रमा, पन्ध्रौँ सूत्रको उत्तरवर्ती भीह्रीभृहुवां श्लुवच्च एउटा सूत्रमा, सोह्रौँ सूत्रको उत्तरवर्ती अभ्युत्सादयांप्रजनयांचिकयांरमयामकः पावयाङ्क्रियाद्विदामक्रन्निति च्छन्दसि एउटा सूत्रमा, अठारौँ सूत्रको उत्तरवर्ती अचः कर्मकर्तरि र दुहश्च दुई सूत्रमा, उन्नाइसौँ सूत्रको उत्तरवर्ती तनूकरणे तक्षः एउटा सूत्रमा, तीसौँ सूत्रको उत्तरवर्ती महाकुलादञ्खञौ र दुष्कुलादञ्खञौ दुई सूत्रमा, पैतालिसौँ सूत्रको उत्तरवर्ती सिध्मादिभ्यश्च, वत्सांसाभ्यां कामबले र फेनादिलच्च तीन सूत्रमा, एकाउन्नौँ सूत्रको उत्तरवर्ती द्वित्र्योश्च धमुञ् र एधाच्च दुई सूत्रमा, चौवन्नौँ सूत्रको उत्तरवर्ती सङ्ख्यैकवचनाच्च वीप्सायाम्, प्रतियोगे, पञ्चम्यास्तसिः, अपादाने चाहीयरुहोः, अतिग्रहाव्यथनक्षेपेष्वकर्तरि तृतीयायाः, हीयमानपापयोगाच्च, षष्ठ्या व्याश्रये र रोगाच्चापनयने सात सूत्रमा, छपन्नौँ सूत्रको उत्तरवर्ती नदीपौर्णमास्याग्रहायणीभ्यः र झयः दुई सूत्रमा, त्रिसठ्ठीऔँ सूत्रको उत्तरवर्ती स्वपादिहिंसामच्यनिटि एउटा सूत्रमा, चौसठ्ठीऔँ सूत्रको उत्तरवर्ती अचः कर्तृयकि एउटा सूत्रमा, सत्सठ्ठीऔँ सूत्रको उत्तरवर्ती दिष्टिवितस्त्योश्च एउटा सूत्रमा, अठसठ्ठीऔँ सूत्रको उत्तरवर्ती हिरण्यपरिमाणं धने, प्रथमोऽचिरोपसम्पत्तौ, कतरकतमौ कर्मधारये, आर्यो ब्राह्मणकुमारयोः, राजा च, षष्ठी प्रत्येनसि, क्ते नित्यार्थे, ग्रामः शिल्पिनि र राजा च प्रशंसायाम् नौवटा सूत्रमा, बहत्तरौँ सूत्रको उत्तरवर्ती उगितश्च एउटा सूत्रमा, त्रिहत्तरौँ सूत्रको उत्तरवर्ती मन्थौदनसक्तुविन्दुवज्रभारहारवीवधगाहेषु च एउटा सूत्रमा, असीऔँ सूत्रको उत्तरवर्ती जहातेश्च र आ च हौ दुई सूत्रमा, एकासीऔँ सूत्रको उत्तरवर्ती विदेः शतर्वसुः र समासेऽनञ्पूर्वे क्त्वो ल्यप् दुई सूत्रमा, एकानब्बेऔँ सूत्रको उत्तरवर्ती द्विस्त्रिश्चतुरिति कृत्वोऽर्थे र इसुसोः सामर्थ्ये दुई सूत्रमा, बयानब्बेऔँ सूत्रको उत्तरवर्ती अभिनिसःस्तनः शब्दसंज्ञायाम् एउटा सूत्रमा तथा त्रियानब्बेऔँ सूत्रको शश्छोऽटि, हलो यमां यमि लोपः र झरो झरि सवर्णे तीन सूत्रमा गरी ६५ वटा सूत्रमा 'अन्यतरस्याम्' शब्दको अनुवर्तन भएको देखिन्छ । यसप्रकार पाणिनीय व्याकरणमा ९३ वटा सूत्रमा 'अन्यतरस्याम्' शब्दकै उल्लेख गरेर तथा ६५ वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'अन्यतरस्याम्' शब्दको अनुवर्तन भएर जम्मा १५८ वटा सूत्रमा 'अन्यतरस्याम्' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको पाइन्छ ।

**'उदीचाम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले आरगुदीचाम् सूत्रमा पूजार्थ वा सम्मानका लागि आचार्यद्योतक 'उदीचाम्' शब्दको ग्रहण गरेका छन् (काशिकावृत्ति ४।१।१३०) भने निम्नलिखित ५ सूत्रमा 'उदीचाम्' शब्दको प्रयोग गरी वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. उदीचां माङो व्यतीहारे, २. उदीचामिञ्, ३. उदीचां वृद्धादगोत्रात्, ४. मातरपितरावुदीचाम् र ५. उदीचामातः स्थाने यकपूर्वायाः । उपर्युक्त तेस्रो सूत्रमा प्रयुक्त 'उदीचाम्' शब्दको उत्तरवर्ती वाकिनादीनां कुक्च र पुत्रान्तादन्यतरस्याम् दुई सूत्रमा अनुवर्तन भएको छ भने पाँचौँ सूत्रमा प्रयुक्त 'उदीचाम्' शब्दको उत्तरवर्ती भस्त्रैषाजाज्ञाद्वास्वानञ्पूर्वाणामपि र अभाषितपुंस्काच्च दुई सूत्रमा अनुवर्तन भएको देखिन्छ । जसका कारण उपर्युक्त ९ वटै सूत्रअन्तर्गतका अपमित्य/अपमाय याचते, आम्रगुप्तायनिः/आम्रगुप्तिः, वाकिनकायनिः/वाकिनिः, गार्गीपुत्रकायणिः/गार्गीपुत्रायणिः/गार्गीपुत्रिः, मातरपितरौ/मातापितरौ, आर्यिका/आर्यका, भस्त्रिका/भस्त्रका, गङ्गिका/गङ्गका आदि उदाहरणहरूमा विकल्पको विधान भएको पाइन्छ । त्यसैगरी उदीचामिञ्विधौ तक्षणोऽण्वचनम् एउटा वार्तिकमा 'उदीचाम्' शब्दको प्रयोगका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको छ ।

**'प्राचाम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले प्राचामवृद्धात् फिन् बहुलम् र एकाच्च प्राचाम् दुईवटा सूत्रमा पूजा वा सम्मानका लागि 'प्राचाम्' शब्दको प्रयोग गरेका छन् भने निम्नलिखित ५ सूत्रमा 'प्राचाम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् : १. कुषिरजोः प्राचां श्यन्परस्मैपदं च, २. अलंखल्वोः प्रतिषेधयोः प्राचां क्त्वा, ३. प्राचां ष्फ तद्धितः, ४. शोणात् प्राचाम् र ५. खार्याः प्राचाम् । जसका कारण दोस्रो सूत्रबाहेकका उपर्युक्त ४ सूत्रअन्तर्गतका कुप्यति/कुप्यते पादः स्वयमेव, गार्ग्यायणी/गार्गी, शोणी/शोणा, द्विखारम्/द्विखारी आदि उदाहरणहरूमा विकल्पको व्यवस्था भएको देखिन्छ। उपर्युक्त दोस्रो सूत्रका सन्दर्भमा काशिकावृत्तिकारले 'अलं रोदनेन' इत्यादि सिद्धिका लागि 'प्राचाम्' ग्रहण गर्नु विकल्पका लागि हो भने वासरूपविधिको अनुवर्तन मान्दा 'प्राचाम्' ग्रहण गर्नु पूजाका लागि हो भन्ने दोहोरो विचार प्रस्तुत गरेका छन् (काशिकावृत्ति ३।४।१८) । परन्तु सिद्धान्तकौमुदीकारले यस सूत्रमा 'प्राचाम्' ग्रहण गर्नु पूजाका लागि हो भन्ने दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ। दुवैको दृष्टिकोणमा मतभेद रहेको भए पनि उत्तरवर्ती विचार भएकाले सिद्धान्तकौमुदीकारको मतलाई नै उपयुक्त ठान्न सकिन्छ । त्यस्तै वर्तका शकुनौ प्राचामुपसंख्यानम् एउटा वार्तिकमा प्रयुक्त 'प्राचाम्' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको छ।

**'एकेषाम्' र 'एके' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले यजुष्येकेषाम् एउटा सूत्रमा अप्राप्त विभाषाका रूपमा 'एकेषाम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् । उक्त सूत्रानुसार यजुर्वेदका विषयमा केही आचार्यका मतमा सकारको षत्व हुने र अन्य आचार्यका मतमा षत्व नहुने भएकाले 'एकेषाम्' शब्दद्वारा विकल्प सिद्ध हुन्छ । उक्त सूत्रमा प्रयुक्त 'एकेषाम्' शब्दको अनुवृत्ति उत्तरवर्ती स्तुतस्तोमयोर्छन्दसि र पूर्वपदात् दुई सूत्रमा भएको देखिन्छ । जसका कारण क्रमशः यी तीनवटै सूत्रअन्तर्गतका अर्चिभिष्ट्वम्/अर्चिभिस्त्वम्, नृभिष्टुतस्य/नृभिस्तुतस्य, दिविष्ठः/दिविस्थः आदि प्रयोगहरूमा विकल्पले षत्व भएको पाइन्छ। त्यसैगरी कात्यायनले छन्दसि क्नमेके र अन्त्यात् पूर्वो नुममेके दुइटा वार्तिकमा 'एके' शब्दको प्रयोग गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् ।

**'बहुलम्' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

धेरै अर्थलाई ग्रहण गर्ने सन्दर्भमा पाणिनीय व्याकरणमा 'बहुलम्' शब्दको प्रयोग गरिएको छ । कहीँ नित्य रूपमा प्रवृत्ति हुनु, कहीँ अप्रवृत्ति वा अभाव हुनु, कहीँ विभाषा वा विकल्प हुनु र कहीँ अर्कै हुनु गरी 'बहुलम्' शब्दलाई चार प्रकारमा अर्थ्याइएको पाइन्छ (जिनेन्द्रबुद्धि, न्यासटीका ३।३।१) । 'अर्धमात्रालाघवेन पुत्रोत्सवं मन्यन्ते वैयाकरणाः'को मान्यतालाई दृष्टिगत गरी वा शब्दको प्रयोगद्वारा नै विकल्प पनि सिद्ध हुँदाहुँदै 'बहुलम्' शब्दको ग्रहण गर्नाले कहीँ नित्य रूपमा प्रवृत्ति भएर कृष्णसर्पः जस्ता शब्द सिद्ध हुन्छन् भने कहीँ अप्रवृत्ति भएका कारण रामो जामदग्न्यः जस्ता उदाहरणमा सूत्रनिर्दिष्ट कार्य हुँदैन । त्यसैले 'बहुलम्' शब्दको प्रयोग गरिएका केकति पाणिनीय सूत्रहरूमा विकल्पको व्यवस्था भएको छ भनेर यकिन गर्न निकै गाह्रो छ तापनि पाणिनिले निम्नलिखित ३४ सूत्रहरूमा 'बहुलम्' शब्दको प्रयोग गरेर वैकल्पिक नियमको व्यवस्था गरेको देख्न सकिन्छ : १. कर्तृकरणे कृता बहुलम्, २. विशेषणं विशेष्येण बहुलम्, ३. चतुर्थ्यर्थे बहुलं छन्दसि, ४. बहुलं छन्दसि, ५. बहुलं छन्दसि, ६. बहुलं छन्दसि, ७. तृतीयासप्तम्योर्बहुलम्, ८. सिब्बहुलं लेटि, ९. व्यत्ययो बहुलम्, १०. बहुलं छन्दसि, ११. उणादयो बहुलम्, १२. रोगाख्यायां ण्वुल् बहुलम्, १३. कृत्यल्युटो बहुलम्, १४. वृद्धाट्ठक् सौवीरेषु बहुलम्, १५. प्राचामवृद्धात् फिन् बहुलम्, १६. नक्षत्रेभ्यो बहुलम्, १७. गोत्रक्षत्रियाख्येभ्यो बहुलं वुञ्, १८. बहुलं छन्दसि, १९. देवमनुष्यपुरुषपुरुमर्त्येभ्यो द्वितीयासप्तम्योर्बहुलम्, २०. बहुलं छन्दसि, २१. स्यश्छन्दसि बहुलम्, २२. ङ्याश्छन्दसि बहुलम्, २३. परादिश्छन्दसि बहुलम्, २४. तत्पुरुषे कृति बहुलम्, २५. ङ्यापोः संज्ञाछन्दसोर्बहुलम्, २६. उपसर्गस्य घञ्यमनुष्ये

बहुलम्, २७. बहुलं छन्दस्यमाङ्योगेऽपि, २८. मघवा बहुलम्, २९. बहुलं छन्दसि, ३०. बहुलं छन्दसि, ३१. बहुलं छन्दसि, ३२. बहुलं छन्दसि, ३३. पातौ च बहुलम् र ३४. उपसर्गाद् बहुलम् ।

उपर्युक्त ३४ सूत्रमध्ये तेस्रो सूत्रको उत्तरवर्ती यजेश्च करणे एउटा सूत्रमा, चौधौँ सूत्रको उत्तरवर्ती फेश्छ च र फाण्टाहृतिमिमताभ्यां णफिञौ दुई सूत्रमा, बीसौँ सूत्रको उत्तरवर्ती चायः की एउटा सूत्रमा, पच्चीसौँ सूत्रको उत्तरवर्ती त्वे च एउटा सूत्रमा, सत्ताइसौँ सूत्रको उत्तरवर्ती इरयो रे एउटा सूत्रमा, 'बहुलम्' शब्दको अनुवर्तन भएको देखिन्छ । यीमध्ये कहीँ (पा.,अ. २।१।३२ आदि) सर्वोपाधि व्यभिचार अर्थात् अव्याप्ति र अतिव्याप्तिको परिहारका लागि बहुल ग्रहण गरिएको छ भने कहीँ (पा.,अ. २।३।५७ आदि) नित्य, अप्रवृत्ति र विकल्पको व्यवस्थाका लागि 'बहुलम्' शब्दको प्रयोग गरिएको छ । यसप्रकार पाणिनीय व्याकरणमा ३४ वटा सूत्रमा 'बहुलम्' शब्दकै उल्लेख गरेर तथा ६ वटा सूत्रमा पूर्ववर्ती सूत्रमा प्रयुक्त 'बहुलम्' शब्दको अनुवर्तन भएर जम्मा ४० वटा सूत्रमा 'बहुलम्' शब्दका माध्यमले वैकल्पिक नियमको व्यवस्था गरिएको भेटिन्छ ।

व्याकरणमहाभाष्यमा कात्यायनले निम्नलिखित ६ वटा वार्तिकमा 'बहुलम्' शब्दको प्रयोग गरेर वैकल्पिक नियमलाई व्यवस्थित गरेका छन् : १.सिब् बहुलं छन्दसि णित्, २. समश्च बहुलम्, ३.पुष्यमूलेषु बहुलम्, ४.वत्वन्तात् स्वार्थे द्वयजस्मात्रचौ बहुलम्, ५.रयेर्मतौ बहुलम् र ६.बहुलं छन्दस्यानुषस्जुजोषदिति दर्शनात् । त्यसैगरी व्याकरणमहाभाष्यमा नै पतञ्जलिले परादिश्च परान्तश्च पूर्वान्तश्चापि दृश्यते, पूर्वादयश्च दृश्यन्ते व्यत्ययो बहुलं ततः एउटा श्लोकवार्तिकसदृश भाष्येष्टिमा तथा छन्दसि स्त्रियां बहुलम् एउटा भाष्येष्टिको व्याख्यानमूलक नियममा 'बहुलम्' शब्दको उल्लेख गरेर वैकल्पिक नियमको व्यवस्था गरेका छन् ।

**'विकल्प' शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

व्याकरणमहाभाष्यको प्रदीप टीकामा प्रयुक्त वलादावार्धधातुके विकल्पः सिध्यति (प्रदीपटीका २।४।५६।१) एउटा व्याख्यानमूलक वार्तिकमा 'विकल्प' शब्दको प्रयोग गरी वैकल्पिक नियमको व्यवस्था गरिएको पाइन्छ ।

**आपिशलि आदि ऋषिबोधक शब्दद्वारा वैकल्पिक नियमको व्यवस्था**

पाणिनिले निम्नलिखित १८ वटा सूत्रमा आपिशलि, काश्यप, गार्ग्य, गालव, चाक्रवर्मण, भारद्वाज, शाकटायन, शाकल्य, सेनक र स्फोटायन १० वटा ऋषिबोधक शब्दको प्रयोग गरेका छन् : १. वा सुप्यापिशलेः एउटा सूत्रमा आपिशलिको, २. तृषिमृषिकृषेः काश्यपस्य र ३. नोदात्तस्वरितोदयमगार्ग्यकाश्यपगालवानाम् दुइटा सूत्रमा काश्यपको, ४. अड् गार्ग्यगालवयोः, ५. ओतो गार्ग्यस्य र नोदात्तस्वरितोदयमगार्ग्यकाश्यपगालवानाम् तीनवटा सूत्रमा गार्ग्यको, ६. इको ह्रस्वोऽङ्यो गालवस्य, ७. तृतीयादिषु भाषितपुंस्कं पुंवद्गालवस्य, अड् गार्ग्यगालवयोः र नोदात्तस्वरितोदयमगार्ग्यकाश्यपगालवानाम् चार सूत्रमा गालवको, ८. ई चाक्रवर्मणस्य एउटा सूत्रमा चाक्रवर्मणको, ९. ऋतो भारद्वाजस्य एउटा सूत्रमा भारद्वाजको, १०. लङः शाकटायनस्यैव, ११. व्योर्लघुप्रयत्नतरः शाकटायनस्य र १२. त्रिप्रभृतिषु शाकटायनस्य तीन सूत्रमा शाकटायनको, १३. सम्बुद्धौ शाकल्यस्येतावनार्षे, १४. इको सवर्णे शाकल्यस्य ह्रस्वश्च, १५. लोपः शाकल्यस्य र १६. सर्वत्र शाकल्यस्य चार सूत्रमा शाकल्यको, १७. गिरेश्च सेनकस्य एउटा सूत्रमा सेनकको तथा १८. अवङ् स्फोटायनस्य एउटा सूत्रमा स्फोटायनको । उपर्युक्त सूत्रहरूमध्ये एउटा सूत्रमा गार्ग्य, गालव र काश्यप तीन ऋषिको तथा एउटा सूत्रमा गार्ग्य र गालव दुइटा ऋषिको समान मत रहेको पाइन्छ । त्यस्तै पहिलो सूत्रमा आपिशलि ग्रहण गर्नु, पाँचौँ सूत्रमा गार्ग्य ग्रहण गर्नु, बाह्रौँ सूत्रमा शाकटायन ग्रहण गर्नु र सोह्रौँ सूत्रमा शाकल्य ग्रहण गर्नु पूजाका लागि हो भने ऋषिबोधक शब्दसँग अन्य १४ वटा सूत्रअन्तर्गतका तृषित्वा/तर्षित्वा, प्रय आरुः (अस्वरित/स्वरित), अरोदत्/अरोदीत्, ग्रामणिपुत्रः/ग्रामणीपुत्रः, अनादये/अनादिने, चिनुहीति/चिनुहि ३ इति, विवयिथ/विवेथ, अयुः/अयान्, भो अच्युतः/ भोयच्युतः, इन्द्रः/इन्द्रः, विष्णविति/विष्ण इति, चक्रि अत्रचर्क्यत्र, विष्ण

इह/विष्णविह, उपगिरम्/उपगिरि, गवाग्रम्/गोऽग्रम् आदि प्रयोगहरूमा विकल्पको व्यवस्था भएको देखिन्छ। यसका साथै पाणिनिले दीर्घादाचार्याणाम् र आदाचार्याणाम् दुई सूत्र सामान्यीकृत ऋषिबोधक शब्दका रूपमा आचार्य शब्दको प्रयोग गरेका छन्। पहिलो सूत्रमा आरम्भ गर्नुको सामर्थ्यद्वारा नै सिद्ध हुँदाहुँदै सूत्रमा आचार्य शब्दको ग्रहण गर्नु पूजाका लागि हो (जिनेन्द्रबुद्धि, न्यासटीका) भने दोस्रो सूत्रमा आचार्य ग्रहण गर्नु नित्यका लागि (जिनेन्द्रबुद्धि, न्यासटीका) हो। त्यसैले उपर्युक्त दुवै सूत्रमा प्रयुक्त आचार्य शब्दले विकल्पको बोध नगराई नित्यको बोध गराएको पाइन्छ। त्यसैगरी व्याकरणमहाभाष्यमा कात्यायनले चयो द्वितीयाः शरि पौष्करसादेः एउटा वार्तिकमा ऋषिबोधक पौष्करसादि शब्दको प्रयोग गरेर वैकल्पिक मतको व्यवस्था गरेका छन्।

**निष्कर्ष**

पाणिनीय व्याकरणमा वैकल्पिक मतको व्यवस्थाका लागि वा, विभाषा, विभाषित, अन्यतरस्याम्, उदीचाम्, प्राचाम्, एकेषाम्, एके, बहुलम्, विकल्प र आपिशलि आदि ऋषिबोधक शब्दको प्रयोग गरिएको छ। तीमध्ये १७९ सूत्र, ५४ वार्तिक र ४ भाष्येष्टिसहित २३७ नियममा 'वा' शब्दको, २५६ सूत्र र ५ वार्तिकसहित २६१ नियममा 'विभाषा' शब्दको, ४ सूत्र र एउटा वार्तिकसहित ५ नियममा 'विभाषित' शब्दको, १५८ सूत्रमा 'अन्यतरस्याम्' शब्दको, ९ सूत्र र एउटा वार्तिकसहित १० नियममा 'उदीचाम्' शब्दको, ४ सूत्र र एउटा वार्तिकसहित ५ नियममा 'प्राचाम्' शब्दको, ३ सूत्रमा 'एकेषाम्' शब्दको, २ वार्तिकमा 'एके' शब्दको, ४० सूत्र, ७ वार्तिक र एउटा भाष्येष्टिसहित ४८ नियममा 'बहुलम्' शब्दको, एउटा वार्तिकमा 'विकल्प' शब्दको तथा १८ सूत्र र एउटा वार्तिकसहित १९ नियममा 'आपिशलि' आदि ११ वटा ऋषिबोधक शब्दको प्रयोग गरिएको छ। ६७१ सूत्र, ७३ वार्तिक र ५ भाष्येष्टि गरी जम्मा ७४९ वटा नियमका माध्यमबाट पाणिनि, कात्यायन र पतञ्जलिले पाणिनीय व्याकरणमा वैकल्पिक मतको व्यवस्थापन गरेर आफ्ना पूर्ववर्ती र समकालिक संस्कृत व्याकरणका मान्यतालाई सम्मान गर्दै पाणिनीय व्याकरणका नियम र प्रयोगहरूलाई उदार बनाएको पाइन्छ।

**सन्दर्भग्रन्थसूची**

गौतम, कुलचन्द्र (२०६९), *संस्कृत नेपाली शब्दकोश,* विद्यार्थी पुस्तक भण्डार।
ढकाल, मतिप्रसाद (२०८१), *पाणिनीय व्याकरणका अनुसन्धानको समीक्षा (भाग ३),* आस्था ढकाल।
चन्द्रगोमि (१९५३ सन्), *चान्द्रव्याकरणम्,* सम्पा. क्षितीशचन्द्र चटर्जी, डेक्कन कलेज।
पतञ्जलि (१९९१ सन्), *व्याकरणमहाभाष्यम्,* चतुर्थं खण्डम्, सम्पा. भार्गव शास्त्री जोशी, चौखम्बा संस्कृत प्रतिष्ठान।
पतञ्जलि (१९९१ सन्), *व्याकरणमहाभाष्यम्,* पञ्चमं खण्डम्, सम्पा. भार्गव शास्त्री जोशी, चौखम्बा संस्कृत प्रतिष्ठान।
पतञ्जलि (२००० सन्), *व्याकरणमहाभाष्यम्,* तृतीयं खण्डम्, सम्पा. शिवदत्त शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान।
पतञ्जलि (२००० सन्), *व्याकरणमहाभाष्यम्,* षष्ठं खण्डम्, सम्पा. दधिराम शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान।
पतञ्जलि (२००४ सन्), *व्याकरणमहाभाष्यम्,* प्रथमं खण्डम्, सम्पा. भार्गव शास्त्री जोशी, चौखम्बा संस्कृत प्रतिष्ठान।
पतञ्जलि (२००७ सन्), *व्याकरणमहाभाष्यम्,* द्वितीयं खण्डम्, सम्पा. शिवदत्त शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान।
पाणिनि (१९७७ सन्), *अष्टाध्यायीसूत्रपाठ,* व्या. नारायण मिश्र, चौखम्बा ओरियन्टालिया।
वामन-जयादित्य (२०४१), *काशिका,* चतुर्थभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी।
वामन-जयादित्य (२०४५), *काशिका,* पञ्चमभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी।
वामन-जयादित्य (२०४६), *काशिका,* तृतीयभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी।
वामन-जयादित्य (२०५१), *काशिका,* नवमभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी, तारा बुक एजेन्सी।
वामन-जयादित्य (२०५७), *काशिका,* दशमभाग, सम्पा. जयशङ्करलाल त्रिपाठी, तारा बुक एजेन्सी।